काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८० | आइतवार, २९ चैत, २०८२ | Sunday, 12 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

विद्यार्थी, शिक्षक र अभिभावकसँग मनका कुरा









❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ चैत

वीरेन्द्रनगर नगरपालिका- १२ पदमपुरमा रहेको जनजागृति प्राथमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत आशिका विकले पहिलोपटक मानसिक स्वास्थ्यबारे सुनिन् । करिब तीन घण्टाको अन्तरक्रियामा उनी सहभागी भएर हरेक व्यक्ति मानसिक रुपमा स्वस्थ हुनुपर्ने कुरा मात्रै जानिनन् आफू पनि कुनै न कुनै ढंगले मानसिक रुपमा अस्वस्थ छु भन्ने पहिचान गर्न सक्नेसम्म भइन् । 'सानो-सानो कुरामा रिसाएर छोराछोरीलाई हात छोड्ने अभिभावकले पनि आज ज्ञान पाउनुभयो,' उनले भनिन्, 'हामीले पनि धेरै मोबाइल हेर्दा मानसिक स्वास्थ्यमा पनि असर गर्ने कुरा बुझ्यौं ।' विकले स्कुलमा शिक्षक-शिक्षिकासँग र घरमा बुवा आमासँग मनमा लागेको कुरा निर्धक्क भनेर समाधान खोज्ने सकिने कुरा बुझेको पनि बताइन् ।

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशले आयोजना गरेको विद्यार्थी, शिक्षक र अभिभावकसँग मानसिक स्वास्थ्यसम्बन्धी अन्तरक्रियामा विद्यार्थीहरुले आफ्नो दैनिक जीवनमा भोगिरहेको समस्या समाधानबारे जान्न पाएकोमा खुसी व्यक्त गरे । कार्यक्रममा सहभागी अर्का विद्यार्थी कर्णबहादुर बुढामगरले पनि पहिलोपटक मानसिक स्वास्थ्यबारे यसरी खुला रूपमा छलफल गर्ने अवसर पाएको बताए ।

उनले मानसिक स्वास्थ्य भनेको 'पागलपन' वा ठूलो रोग मात्र नभई दैनिक व्यवहार, सोच र भावनासँग जोडिएको महत्वपुर्ण विषय रहेछ भन्ने बुझेको बताए । 'पहिला त हामीले यस्तो कुरा कहिल्यै सुनेका थिएनौं,' उनले भने, 'रिस उठ्दा कसरी नियन्त्रण गर्ने, धेरै चिन्ता हुँदा कसरी मन हल्का बनाउने भन्ने कुरा आज सिक्न पाइयो ।' उनले पढाइको दबाब, घरको वातावरण र साथीसँगको सम्बन्धले पनि मनस्थितिमा असर पार्ने कुरा आफूले अनुभव गरिरहेको उल्लेख गरे । बुढामगरले कार्यक्रममा शिक्षक र अभिभावकसँग खुलेर कुरा गर्न सकिने वातावरण बनाइएकोमा खुसी व्यक्त गर्दै अब आफूले मनमा लागेको कुरा लुकाएर नराख्ने बताए । 'अब केही समस्या भएमा सर-म्यामलाई भन्न सक्छु भन्ने आत्मविश्वास बढेको छ,' उनले भने, 'घरमा पनि बुवा-आमासँग कुरा गरेर समाधान खोज्ने प्रयास गर्छु ।'

कार्यक्रममा प्रदेश अस्पताल सुर्खेतमा कार्यरत मनोचिकित्सक डा. सुशील समदर्शीले मानसिक स्वास्थ्यलाई अझै पनि समाजमा गलत बुझाइका कारण ओझेलमा पारिएको बताए । उनले मानसिक समस्या कुनै कमजोरी नभई उपचार र सहयोगबाट सुधार गर्न सकिने अवस्था भएको स्पष्ट पारे । 'धेरैजसो मानिसले समस्या हुँदा लुकाउने गर्छन्, तर समयमै खुलेर कुरा गरे समाधान सजिलो हुन्छ,' उनले भने, ' विद्यालय तहबाटै सचेतना बढाउन सके भविष्यमा ठूलो परिवर्तन देख्न सकिन्छ ।' उनले बालबालिकाको मनोविज्ञान बुझ्न सबै पक्षबीच खुला संवाद र विश्वास आवश्यक हुने बताए । ' विद्यार्थीले आफ्नो कुरा निर्धक्क रूपमा शिक्षक र अभिभावकसँग भन्न सक्ने वातावरण बन्नुपर्छ,' उनले भने, 'अभिभावक र शिक्षकले पनि सुन्ने, बुझ्ने र सहयोग गर्ने भूमिकामा रहनुपर्छ ।' उनले विद्यालय नै बालबालिकाको दोस्रो घर भएको भन्दै शिक्षक-शिक्षिकाले उनीहरुको मनोदशा बुझ्न आवश्यक रहेको बताए ।

स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा. रविन खड्काले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यकै महत्वपूर्ण पाटोका रूपमा लिनुपर्नेमा जोड दिए । उनले कर्णाली प्रदेशमा मानसिक स्वास्थ्यसम्बन्धी सेवा विस्तार गर्दै लगिएको जानकारी दिँदै यस्ता अन्तरक्रियाले समुदायस्तरमा सकारात्मक प्रभाव पार्ने बताए । 'घर र विद्यालय दुवै स्थानमा बालबालिकालाई दबाबभन्दा सहयोग र सहानुभूति चाहिन्छ,' उनले भने, 'तीनै पक्षबीच समन्वय भए मात्रै बालबालिकाको मानसिक स्वास्थ्य सुदृढ हुन्छ ।'

सामाजिक विकास मन्त्रालयका निमित्त सचिव तथा स्वास्थ्य महाशाखाका प्रमुख वृषबहादुर शाहीले मानसिक स्वास्थ्यलाई विद्यालयस्तरदेखि नै प्राथमिकतामा राख्न आवश्यक रहेको बताए । उनले बालबालिकाको समग्र विकासका लागि मानसिक स्वास्थ्य सुदृढ हुनु अत्यन्त जरुरी रहेको उल्लेख गरे । साथै आगामी दिनमा पनि यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने उनले जानकारी दिए ।

विद्यालयका प्रधानाध्यापक ज्ञानुकुमारी सुवेदीले धेरैजसो ठूला विद्यार्थीमाझ मात्रै हुने यस्ता कार्यक्रम आफ्नो विद्यालयमा पनि आवश्यक भएको महसुस गरेर आयोजना गरिएको बताइन् । उनले यस्ता कार्यक्रमले विद्यार्थी, शिक्षक र अभिभावकबीच समझदारी बढाएको बताए । उनले बालबालिकाको व्यवहार र सिकाइमा मानसिक अवस्थाको प्रभाव पर्ने भएकाले यस विषयमा निरन्तर काम गर्नुपर्ने आवश्यकता औंल्याए । 'हामीले पढाइसँगै विद्यार्थीको मनोवैज्ञानिक पक्षलाई पनि ध्यान दिन जरुरी छ,' उनले भनिन् ।

कार्यक्रममा सहभागी अभिभावक रिमा खड्काले सन्तानको व्यवहारलाई केवल अनुशासनको विषयका रूपमा हेर्ने आफ्नो सोचमा परिवर्तन आएको बताइन् । 'पहिला छोराछोरीले गल्ती गर्दा कराउँथ्यौं, कहिलेकाहीं हात पनि उठ्थ्यो,' उनले भनिन्, 'आजको कार्यक्रममा उनीहरूको मन पनि बुझ्नुपर्छ भन्ने कुरा सिक्यौं ।'

त्यस्तै अभिभावक बिमला विकले पनि बालबालिकासँग संवाद गर्ने तरिका सिक्न पाएको बताइन् । उनले अब सन्तानसँग खुला रूपमा कुरा गर्ने र उनीहरूको समस्या बुझ्ने प्रयास गर्ने प्रतिबद्धता जनाइन् । 'हामीले नै नबुझेपछि बच्चाले कसलाई भन्ने ? अबदेखि उनीहरूको कुरा ध्यान दिएर सुन्नेछु,' उनले भनिन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्रप्रसाद शर्माले विद्यालयमा यस्ता प्रकारका सचेतनामूलक कार्यक्रम आवश्यक रहेको बताए । उनले बालबालिकाको समग्र विकासका लागि शैक्षिक उपलब्धिसँगै मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे । 'विद्यालयले पढाइ मात्र होइन, विद्यार्थीको व्यवहार र मानसिक अवस्थालाई पनि समान रूपमा ध्यान दिनुपर्छ,' उनले भने, 'यसका लागि अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच सहकार्य अनिवार्य छ ।'

त्यस्तै वीरेन्द्रनगर नगरपालिका-१२ का वडासदस्य गंगाराम लामिछानेले समुदायस्तरमै मानसिक स्वास्थ्यबारे सचेतना फैलाउन आवश्यक रहेको बताए । उनले स्थानीय तहले यस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै विद्यालय र समुदायबीच समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिए । 'मानसिक स्वास्थ्यलाई अझै पनि खुलेर छलफल नगर्ने प्रवृत्ति छ,' उनले भने, 'आज यो कार्यक्रम आयोजना गरेर थोरै भएपनि सिक्ने अवसर दिनुभएकोमा धेरै धन्यवाद ।'

स्वस्थ मन स्वस्थ जीवन

स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशमा कार्यरत मनोविद लक्ष्मी तामाङले कार्यक्रमलाई औपचारिक शैलीभन्दा फरक ढंगले सञ्चालन गर्दै विद्यार्थी, अभिभावक र शिक्षक-शिक्षिकालाई सुरुमै नाच्न लगाएर वातावरणलाई उत्साहित बनाइन् । सहभागीबीचको दिकदारीपन र औपचारिकता हटाउँदै उनले 'मनका कुरा गरौं' भन्ने सन्देशसहित कार्यक्रमको सुरुवात गर्दा सबै खुलेर सहभागी भएको देखिन्थ्यो । विद्यार्थीहरू आफूलाई चित्त बुझेका कुरा कापीमा टिप्दै ध्यानपूर्वक सुन्दै थिए ।

तामाङले सुरुमै नेपाल सरकारले 'स्वस्थ मन, स्वस्थ जीवन' भन्ने नारासहित 'मानसिक स्वास्थ्य सचेतना अभियान, २०८२' सञ्चालनमा ल्याएको जानकारी दिँदै यसको उद्देश्यबारे स्पष्ट पारिन् । उनले आफ्नो प्रस्तुतिमार्फत बालबालिकामा सानो-सानो घटनाले पनि गहिरो मानसिक आघात पुऱ्याउन सक्ने र त्यसले दीर्घकालीन समस्या निम्त्याउन सक्ने भएकाले यसतर्फ अभिभावक र शिक्षकको विशेष ध्यान जानुपर्ने बताइन् ।

उनले सहभागीहरूलाई विभिन्न अभ्यास गराउँदै आफ्नो अनुभव साटासाट गर्न प्रेरित गरिन् । कहिले रमाइला खेलमार्फत त कहिले भावनात्मक अभ्यासमार्फत उनले रिस, डर, चिन्ता जस्ता भावनालाई कसरी चिन्न र व्यवस्थापन गर्न सकिन्छ भन्नेबारे सहज तर प्रभावकारी ढंगले बुझाइन् । ' बालबालिकाले भोगेका साना कुरालाई पनि गम्भीरतापूर्वक सुन्नुपर्छ,' उनले भनिन्, 'उनीहरूले व्यक्त गर्न खोजेका भावनालाई बेवास्ता गर्नु हुँदैन ।'

तामाङले अभिभावकलाई बालबालिकासँग दैनिक रूपमा समय बिताउन, उनीहरूको कुरा ध्यान दिएर सुन्न र सकारात्मक व्यवहार देखाउन सुझाव दिइन् । कार्यक्रमभरि सहभागीहरूलाई सक्रिय बनाउँदै उनले मानसिक स्वास्थ्यबारेको जटिल विषयलाई सरल, व्यवहारिक र रमाइलो ढंगले प्रस्तुत गरिन् । कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि विद्यालयमा पनि मानसिक स्वास्थ्यसम्बन्धी अन्तरक्रिया सुरु गरेको हो । मन्त्रालयका मानसिक स्वास्थ्य फोकल पर्सन खगेन्द्रप्रकाश गैरेले यसअघि शिक्षक-शिक्षिकाहरु र कन्भर्जन डिसअर्डर भएका विद्यार्थीहरुमाझ पुगेर यस्ता कार्यक्रम गरिएपनि विद्यार्थी, अभिभावक र शिक्षक-शिक्षिका एकै ठाउँमा राखेर कार्यक्रम गरिएको यो पहिलोपटक भएको जानकारी दिए । उनका अनुसार प्रदेशमा बढ्दो मानसिक स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकता दिएर काम गर्न थालेको हो । मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९' अनुसार सामाजिक विकास मन्त्रालयको नेतृत्वमा मनोचिकित्सक, मनोविदसहितको टोली नै अभियानमा सहभागी भएर काम गरिरहेको उनले बताए । आगामी वर्षदेखि सबै विद्यालयमा यस्ता खाले कार्यक्रम गरिने गैरेले जानकारी दिए । प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई संस्थागत रूपमा अगाडि बढाउन प्रत्येक वर्ष करिब ६० लाखदेखि एक करोड रुपैयाँसम्म बजेट विनियोजन गर्दै आएको छ ।

'सङ्घीयता कार्यान्वयन चुनौतीपूर्ण भएको छ'

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ चैत

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीयताको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन् ।

कर्णाली प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयको आठौं स्थापना दिवसका अवसरमा शनिवार आयोजित कार्यक्रममा उनले प्रदेश र स्थानीय तहका संवैधानिक अधिकार कार्यान्वयन गर्न कठिन भएको गुनासो गरे । यसलाई उनले सङ्घीयताको प्रभावकारी कार्यान्वयनको चुनौतीका रूपमा चित्रण गरे ।

नयाँ सरकारको प्रदेश र स्थानीय तहप्रति परम्परागत र केन्द्रीकृत मानसिकताका कारण दुवै तहका सरकार सञ्चालनमा विभिन्न जटिलता उत्पन्न भएको उनको गुनासो थियो ।

संविधान कार्यान्वयन भएको एक दशक बितिसक्दा पनि जनचाहनाअनुसार सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए ।

'सरकारले संविधानमाथि छेडखानी गर्न खोजे प्रतिवादमा उत्रिन्छौं'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ चैत

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले संविधान भित्र रहेर सरकारले गर्ने काममा आफूहरूले रचनात्मक र सकारात्मक ढङ्गले सघाउने बताएका छन् ।

पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा बोल्दै संविधान माथि छेडखानी हुन थाले प्रतिवादमा उत्रिने बताए ।

उनले भने, 'नेपाल राष्ट्रको राष्ट्रिय हित माथि कहीं कतैबाट आँच आउन थाल्यो या जनताले पाएका हक अधिकार खोस्ने जस्ता गतिविधि हुन थाले भने हामी चाहिँ त्यसको फेरि सदनभित्र पनि सडकबाट पनि त्यसको प्रतिवाद गर्छौं । हामीले यो स्पष्टसँग सुरुदेखि नै भन्दै आएका छौं ।' अहिले विद्यार्थीहरूको हक अधिकारबारे या कर्मचारी ट्रेड युनियनको अधिकारबारे सरकारले प्रश्न उठाउन खोजेको बताए । उनले थपे, 'जनताले लामो सङ्घर्ष ठुलो त्याग र बलिदान गरेर प्राप्त भएका अधिकारहरू जनवर्गका अधिकार माथि कुनै किसिमको छेडखानी नगरियोस् । अझ त्यसमाथि संविधान संशोधनका पनि कुरा चलेका छन् ।

बिदाको दिनमा पनि आयुर्वेद अस्पतालको सेवा नरोकिने



❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २८ चैत

सरकारी बिदाले धेरै जसो कार्यालयका ढोका बन्द गर्छन्, तर कर्णालीको सुर्खेतमा भने स्वास्थ्य सेवाको ढोका खुल्लै रहने भएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को चैत २२ गतेको निर्णयअनुसार आइतबार सार्वजनिक बिदा परे पनि प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेतले ओपिडी सेवा निरन्तर सञ्चालन गर्ने जनाएको छ ।

अस्पताल प्रशासनले जारी गरेको विज्ञप्तिअनुसार बिरामीको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै बिदाको दिनमा समेत सेवा प्रवाह गर्ने निर्णय गरिएको हो । 'जनता बिदाको कारणले उपचारबाट वञ्चित हुनुहुँदैन,' भन्ने मान्यताका साथ अस्पतालले यस्तो कदम चालेको जनाएको छ ।

यससँगै, शुक्रबारका दिन पनि बिहान ९ देखि बेलुका ५ बजेसम्म नियमित ओपिडी सेवा सञ्चालन हुने स्पष्ट पारिएको छ । यस निर्णयले बिरामीहरूलाई सहजता मात्र दिएको छैन, स्वास्थ्य सेवाप्रति अस्पतालको उत्तरदायित्व र संवेदनशीलता पनि झल्काएको छ । पछिल्लो समय अस्पतालमा बिरामीको संख्या उल्लेख्य रूपमा बढ्दै गएको छ । गुणस्तरीय सेवा, सहज पहुँच र समर्पित स्वास्थ्यकर्मीका कारण सेवाग्राहीहरूको विश्वास दिनानुदिन बलियो बन्दै गएको देखिन्छ । बिदाको दिनमा समेत सेवा दिने अस्पतालको यो पहलप्रति सेवाग्राहीहरूले खुलेर प्रशंसा गर्दै धन्यवाद व्यक्त गरेका छन् ।

स्वास्थ्य सेवा कहिल्यै नरोकिने प्रतिबद्धतासहित सुर्खेतको यो आयुर्वेद अस्पतालले अन्य स्वास्थ्य संस्थाका लागि पनि उदाहरणीय सन्देश दिएको छ- सेवा भनेको समयले होइन, आवश्यकता ले निर्धारण गर्छ ।

जुवाखेलमा प्रहरीको छापाः ६ जना पक्राउ



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ चैत

कर्णाली प्रदेशको सुर्खेत जिल्लामा अवैध जुवाखेलमाथि प्रहरीले सफल कारबाही गरेको छ ।

शनिबार दिउँसो करिब ३ बजे वीरेन्द्रनगर नगरपालिका-१०, बुदबुदे स्थित एक घरमा नगद राखी हारजित हुने गरी जुवातास खेलिरहेको गोप्य सूचनाका आधारमा प्रहरी टोली पुगेको थियो । उक्त घर ललित केसीको रहेको बताइएको छ ।

छापा मार्ने क्रममा प्रहरीले १२ गड्डी तास र विभिन्न दरका गरी रु. १ लाख ४७ हजार ७९० नगद बरामद गरेको जनाएको छ । घटनास्थलबाट जुवामा संलग्न ६ जनालाई नियन्त्रणमा लिइएको छ ।

पक्राउ पर्नेहरूमा शिशिर केसी (२७), डिकेन्द्र थापा (३०), करण गुरुङ (३१), परशुराम सोति (४७), ललित रेश्मी मगर (३७) र निर्मल न्यौपाने (३३) रहेका छन् । उनीहरू सबैलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुर्खेत लगिएको छ । प्रहरीका अनुसार जुवाखेलसम्बन्धी कसुरमा अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ । प्रहरीले यस्ता अवैध गतिविधि नियन्त्रणका लागि निगरानी कडा बनाएको पनि जनाएको छ ।

विद्यार्थीलाई खाद्यान्न सहयोग

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ चैत

वीरेन्द्रनगरस्थित बादी सरोकार मञ्च नेपालमा अध्ययनरत विद्यार्थीहरूलाई खाद्यान्न सहयोग उपलब्ध गराएको छ । मुक्तिनाथ विकास बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खाद्यन्न सहयोग गरेको हो ।

बैंकले करिब एक लाख रुपैयाँ बराबरको विभिन्न खाद्यान्न सामग्री ११० जना विद्यार्थीका लागि वितरण गरेको जनाएको छ ।

उक्त सहयोगले विद्यार्थीहरूमा उत्साह थप्नुका साथै अध्ययनप्रति सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको बैंकका शाखा प्रबन्धक दीपक कुमार पाण्डेले बताए ।

उनका अनुसार मुक्तिनाथ विकास बैंकले विगतदेखि नै विभिन्न सामाजिक संस्थाहरूलाई सहयोग गर्दै आएको छ । 'स्वास्थ्य, वातावरण तथा वित्तीय साक्षरता लगायतका क्षेत्रमा समेत निरन्तर योगदान पुऱ्याउँदै आएका छौं' ।



उनले भने, 'आगामी दिनहरूमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्दै लैजाने प्रतिबद्धता छ ।' समाजप्रति बैंकको उत्तरदायित्वलाई ध्यानमा राख्दै यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइने उनले बताए ।

बादी सरोकार मञ्च नेपालमा अध्ययनरत विद्यार्थीहरूले खाद्यान्न सहयोग प्राप्त गरेपछि मञ्चका सञ्चालक तथा विद्यार्थीहरूलाई केही समयका लागि भए पनि राहत पुगेको छ ।

सम्पादकीय

सभ्य समाज निर्माणमा ठोस कदम चाल

कर्णाली प्रदेश अझैं पनि सामाजिक कुसंस्कार, अन्धविश्वास र संरचनागत विभेदको चपेटामा परेको क्षेत्रका रूपमा देखिन्छ । 'बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन, २०७२' जस्तो स्पष्ट र कडा कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन नहुनु गम्भीर चिन्ताको विषय बनेको छ । कानुनले बोक्सीको आरोप लगाउने, कुटपिट गर्ने, सार्वजनिक रूपमा अपमान गर्ने, मलमूत्र खुवाउने वा सामाजिक बहिष्कार गर्ने जस्ता अमानवीय क्रियाकलापलाई दण्डनीय अपराध मानेको छ, तर कर्णालीमा यस्ता घटनाहरू अझै घटिरहनु राज्य संयन्त्रकै कमजोरीको संकेत हो । तथ्यांकले देखाएअनुसार बोक्सी आरोपसम्बन्धी घटनाको संख्या केही घट्दो देखिए पनि समस्या अन्त्य भएको छैन । किनकी समस्या संख्यामा मात्र होइन, मानसिकता र संरचनामा गहिरो गरी जरा गाडेर बसेको छ । अन्धविश्वास, अशिक्षा र पितृसत्तात्मक सोचले समाजलाई अझै पछाडि धकेलिरहेको छ । यस्तो अवस्थामा कानुन कडा हुनु मात्र पर्याप्त हुँदैन । त्यसको प्रभावकारी कार्यान्वयन र जनचेतना विस्तार अपरिहार्य हुन्छ ।

कर्णालीमा बलात्कारका घटनामा भएको उल्लेखनीय वृद्धिले स्थिति झनै भयावह बनाएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशले सार्वजनिक गरेको 'मानव अधिकार वर्ष पुस्तक २०२६' अनुसार बोक्सी आरोपसम्बन्धी दुर्व्यवहार अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । सन् २०२५ मा मात्र यस्ता तीन घटना अभिलेख भएका छन् । तथ्यांक हेर्दा सन् २०२१ मा सात, २०२२ मा एक, २०२३ मा तीन र २०२४ मा तीन घटना भएका छन् । संख्या घट्दो देखिए पनि समस्या ज्यूँका त्यूँ रहेको इन्सेकले जनाएको छ । इन्सेकको तथ्यांक अनुसार सन् २०२१ मा २७ घटना रहेका बलात्कारका केसहरू २०२५ मा पुग्दा ६४ पुगेका छन् । २०२२ मा ३९, २०२३ मा ५१ र २०२४ मा ६० घटना अभिलेख भएका छन् । यसले प्रदेशमा महिला तथा बालिकामाथि हुने यौनजन्य हिंसा तीव्र रूपमा बढ्दै गएको देखाउँछ । महिला तथा बालिकामाथि हुने यौनजन्य हिंसा बढ्नुका कारणहरूमा कानुनी कार्यान्वयनमा कमजोरी पनि हो । यस्तै उजुरी गर्न पीडितको डर, सामाजिक कलंक र गहिरो लैंगिक असमानता जस्ता प्रमुख कारण रहेका छन् । यसले समस्या केवल अपराधीको नभई समग्र सामाजिक संरचनाको नै रहेको देखाउँछ । मानवअधिकार उल्लंघनका समग्र घटनाहरू पनि कर्णालीमा बढ्दो क्रममा छन् ।

विशेषगरी महिलामाथि हुने हिंसा उच्च दरमा हुनु गम्भीर चिन्ताको विषय हो । घरेलु हिंसा, बलात्कार, हत्या तथा अन्य यौनजन्य अपराधहरूले महिला सुरक्षाको अवस्था कमजोर रहेको पुष्टि गर्छन् । आर्थिक निर्भरता, कानुनी पहुँचको कमी र सामाजिक दबाबका कारण महिलाहरू अझ बढी जोखिममा परिरहेका छन् । सरकारले विभिन्न कार्यक्रम र नीतिहरू ल्याएको दाबी गरे पनि परिणामले ती प्रयासहरूको प्रभावकारिता कमजोर रहेको देखाउँछ । दण्डहीनताको अन्त्य, विधिको शासनको सुदृढीकरण र संस्थागत सुधार बिना यस्ता समस्या समाधान हुन सक्दैनन् । दोषीलाई कडा सजाय र पीडितलाई सहज न्याय सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हो । कर्णालीको वर्तमान अवस्था केवल क्षेत्रीय समस्या मात्रै होइन । यो समग्र राष्ट्रिय चुनौती पनि हो । अन्धविश्वास, लैंगिक हिंसा र मानवअधिकार उल्लंघनजस्ता समस्याको समाधानका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज र आम नागरिकबीच समन्वय आवश्यक छ । प्रभावकारी कानुनी कार्यान्वयन, व्यापक जनचेतना अभियान र शिक्षामार्फत मानसिकता परिवर्तन नगरेसम्म यस्ता कहालीलाग्दा घटनाहरू दोहोरिरहने निश्चित छ । त्यसैले अब ढिलाइ गर्ने समय छैन । कर्णालीलाई सुरक्षित, न्यायपूर्ण र सभ्य समाजतर्फ डोऱ्याउन ठोस र तत्काल कदम आवश्यक छ ।

संविधानदेखि व्यवहारसम्म :

नारी नेतृत्वको सुदृढ यात्रा



- मोहनमाया ढकाल
नगर प्रमुख
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

मानव सभ्यताको विकासक्रमलाई हेर्दा स्पष्ट हुन्छ कि समाजको उन्नति, न्याय, समावेशिता र दिगोपनामा महिलाको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ । तर विडम्बना के छ भने, यति महत्वपूर्ण योगदान हुँदाहुँदै पनि महिलाहरूलाई नेतृत्वको स्थानमा पुग्नका लागि अनेक बाधा र अवरोधहरू पार गर्नुपरेको छ । ठूलो संघर्षका जितहरु हासिल गर्नुपरेको छ । नेपालमा महिला सहभागिता बढाउने सवालमा तत्कालिन एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीले अघि बढाएको संकल्प प्रस्तावलाई एक महत्वपूर्ण राजनीतिक पहल मानिन्छ । जो २०७२ सालमा नेपालको पहिलो महिला राष्टपतिमात्रै बन्नुभएन दुई कार्यकाल राष्टप्रमुखका रुपमा मुलुकलाई नेतृत्व दिनुभयो । उहाँले वि.सं. २०६६ सालतिर राज्यका सबै निकायमा कम्तीमा ३३% महिला सहभागिता सुनिश्चित गर्नुपर्ने भन्ने संकल्प प्रस्ताव संसदमा प्रस्तुत गर्नुभयो । र उक्त प्रस्ताव संसदले सर्वसम्मत पारित गऱ्यो । यही प्रस्तावकै जगमा त्यसपछि बनेको संविधानमा महिला सहभागितालाई सुनिश्चित गर्ने आधारशिला तय भयो । महिलालाई निर्णय-निर्माण तहमा पुऱ्याउने, राज्यका हरेक अंग (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा निकाय आदि) मा महिला प्रतिनिधित्व बढाउने एवं कानुनी रूपमा बाध्यकारी समावेशी व्यवस्था स्थापना गर्न यो प्रस्ताव मुख्य मार्गदर्शक बन्यो । यो प्रस्तावपछि नेपालमा समावेशी लोकतन्त्रको आधार बन्न गयो र संविधान निर्माण प्रक्रियामा पनि यसको ठूलो प्रभाव रह्यो ।

२०७२ सालमा जारी भई हाल लागू भएको हाम्रो संविधानले समावेशी प्रतिनिधित्व सुनिश्चित गरेको छ । संघीय संसदमा महिलाको प्रतिनिधित्व करिब ३३ प्रतिशतको हाराहारीमा रहेको छ, जुन दक्षिण एशियाली सन्दर्भमा उल्लेखनीय प्रगति हो । हाम्रो संविधानले महिला सहभागिता सुनिश्चित गर्न राज्यका हरेक निकाय र संरचनामा ३३ प्रतिशत महिला सहभागितालाई अनिवार्य भनेको छ । संघीय संसदमा कम्तीमा एक तिहाइ (३३ प्रतिशत %) महिला अनिवार्य गराउनुका साथै राजनीतिक दलहरूले समानुपातिक समावेशी सिद्धान्त अपनाउन बाध्य बनाएको छ ।

राज्यका सबै निकायमा महिलासहित विभिन्न वर्ग/समुदायको समावेशी सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ । जस्तो, राष्ट्रपति/उपराष्ट्रपतिमध्ये एक महिला, सभामुख/उपसभामुख मध्ये एक महिला हुनुपर्ने प्रावधान छ । राष्ट्रपति/उपराष्ट्रपतिका सम्बन्धमा संविधानमा फरक लिंग वा समुदायको हुनुपर्नेछ भन्ने लेखिएकै कारण आज यी दुवै पदमा पुरुष नेतृत्व बहाल हुनुहुन्छ । कानुनी छिद्र देखाएर महिलालाई नेतृत्वमा पुग्न नदिने सोच हावी हुँदा राज्यका सर्वोच्च यी दुई पदमा महिला नेतृत्वमा अवरोध सिर्जना भएको छ । महिला आन्दोलनकै उपज ओनसरी घर्ती २०७२ सालमा प्रतिनिधिसभाको पहिलो महिला सभामुख बन्नुभयो । २०७३ सालमा सर्वोच्च अदालतको प्रधानन्यायाधिश पदमा सुशिला कार्की नियुक्त हुनुभयो । र हालै जेन्जी आन्दोलनपछिको मुलुकको कार्यकारी नेतृत्व एवं पहिलो महिला प्रधानमन्त्री बनेर सफल इतिहास रच्नुभयो ।

संविधानले प्रदेश र स्थानीय तहमा महिलाको सहभागिता पनि अनिवार्यता गरेको छ । प्रदेशका सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनैपर्ने प्रावधान छ । प्रदेशसभाहरूमा पनि महिलाको सहभागिता उल्लेखनीय भए तापनि नेतृत्व तह–जस्तै मुख्यमन्त्री, मन्त्री वा प्रमुख प्रशासनिक पदहरूमा महिलाको उपस्थिति अझै सीमित छ । प्रदेशहरुमा महिलाको प्रतिनिधित्व ३३-३५% को बीचमा रहेको अवस्था छ । प्रदेशसभामा महिलाको उपस्थिति संख्यात्मक रूपमा ठीक तर निर्णायक नेतृत्वमा कमजोर रहेको पाइन्छ । यद्यपि प्रदेशहरुमा महिला आन्दोलनको उपलब्धीका कारण केही प्रेरणादायी नतिजाहरु प्राप्त भएका छन् । उदाहरणका लागि २०७८ सालमा बाग्मती प्रदेशबाट अष्टलक्ष्मी शाक्य नेपालको पहिलो महिला मुख्यमन्त्री बन्नुभयो । साथै एउटा गौरव गर्न लायक नेपालको संघीय व्यवस्थामा पहिलो महिला प्रदेश सभामुखका रुपमा कर्णाली प्रदेशसभामा नन्दा गुरुङ्ग बन्न सफल हुनुभएको छ । उहाँले २०७९ देखि हालसम्म सभामुख भएर कुशलतापूर्वक प्रदेशसभा सञ्चालन तथा व्यवस्थापकीय नेतृत्व गर्दै आउनुभएको छ ।

प्रत्येक वडामा कम्तीमा २ जना महिला सदस्य, गाउँपालिका/नगरपालिकामा प्रमुख वा उपप्रमुखमध्ये एउटा पदमा महिला हुनैपर्ने प्रावधान छ । यी अधिकारले महिलालाई केवल प्रतिनिधित्व मात्र नभई निर्णय-निर्माण तहमा पुग्ने अवसर पनि विस्तार गरेको छ ।

प्रशासनिक क्षेत्रमा, निजामती सेवामा महिलाहरूको संख्या बढ्दै गएको भए पनि उच्च तह (सचिव, सहसचिव) मा अझै न्यून छ । यसले देखाउँछ कि अवसरको ढोका खुलेको छ, तर समान पहुँच अझै सुनिश्चित भएको छैन । वि.सं. २०१३ सालदेखि सुरु भएको निजामति सेवामा महिलाको सहभागिता क्रमशः बढ्दै गएपनि शीर्ष पद मुख्य सचिवमा महिला पुग्नलाई २०८१ साल कुर्नुपर्‌यो । नेपाली महिला आन्दोलनको उपज कारण आज लिलादेवी गड्तौलाजस्तै थुप्रै महिलाहरु निजामति प्रशासनको उच्च पदमा पुग्न सफल भएका हुन् ।

नेपालको राजनीतिक, सामाजिक, संरचनात्मक र संस्थागत अवरोधका कारण धेरै समय लागेपनि अहिले भने यस्तो उपलब्धिले भविष्यमा अझ बढी महिला नेतृत्वको सम्भावनालाई बढाएको छ । फलस्वरुप अब महिलालाई ३३ प्रतिशतमै सीमित राख्नुहुन्न भन्ने मान्यता स्थापित हुँदै गएको छ। हालै २१ फागुनमा सम्पन्न निर्वाचनबाट गठित प्रतिनिधिसभामा महिलाको प्रतिनिधित्व झण्डै ३५ प्रतिशत पुगेको छ । माथिल्लो सदन राष्ट्रिय सभामा ३७ प्रतिशत महिलाको प्रतिनिधित्व छ । यो हाम्रो लागि ठूलो उपलब्धी र गौरव गर्न लायक विषय हो ।

स्थानीय शासनमा महिला नेतृत्व

नेपालको संविधान २०७२ जारी भएपछि स्थानीय तहको निर्वाचनमा ठूलो संख्यामा महिलाहरू उपप्रमुख, उपाध्यक्ष तथा वडा सदस्यका रूपमा निर्वाचित भएको मैंले यहाँ माथि चर्चा पनि गरैं । यसले स्थानीय शासनमा ऐतिहासिक परिवर्तन ल्याएको छ । कतिपय ठूला नगरहरुमा नगर प्रमुखका रुपमा महिलाले नेतृत्व गरिरहेको विद्यमान अवस्थाप्रति हामी जगजाहेर नै छौं ।

महिला नेतृत्वमा हुँदा खानेपानी, सरसफाइ, विद्यालय, स्वास्थ्य सेवा, गर्भवति, सुत्केरी, बालबालिका तथा वृद्धवृद्धाको हेरचाहजस्ता विषयहरू प्राथमिकतामा आएका छन् । महिलाहरूले नागरिकसँग नजिक भएर काम गर्ने भएकाले सेवा प्रवाह सरल र प्रभावकारी भएको देखिएको छ । बालविवाह, घरेलु हिंसा, मदिरा नियन्त्रणजस्ता विषयहरूमा महिला नेतृत्वले सक्रिय भूमिका खेलेको छ । अनुभवहरूले देखाएका छन् कि जहाँ महिला नेतृत्व सक्रिय छ, त्यहाँ स्थानीय विकासमा सकारात्मक परिवर्तन देखिएको छ ।

यद्यपि, सबै ठाउँमा समान सफलता छैन । कतिपय ठाउँमा महिला प्रतिनिधिहरूलाई निर्णय गर्न स्वतन्त्रता नदिइने वा प्राक्सी नेतृत्व (अरूले चलाउने) जस्ता समस्याहरू पनि देखिएका छन् । अझैं पनि सबल नारी नेतृत्व स्थापित गर्न नारी नेतृत्वलाई थप सुदृढ र प्रभावकारी बनाउन नेतृत्व, नीति निर्माण, प्रशासनिक सीपहरूको खाँचो छ । पितृसत्तात्मक सोच परिवर्तन नगरी नारी नेतृत्वको वास्तविक विकास सम्भव छैन । आर्थिक रूपमा सक्षम महिला मात्र आत्मनिर्भर निर्णय लिन सक्छिन् । त्यसका लागि महिलाको क्षेत्रमा थुप्रै नीति तथा कार्यक्रम र बजेटको आवश्यकता छ ।

नारी नेतृत्व किन ?

पहिलो कुरा लोकतन्त्रको सार नै समावेशिता हो । समाजमा जनसंख्याको आधा हिस्साको प्रतिनिधित्व निर्णय गर्ने तहमा न्यून हुन्छ भने त्यो लोकतन्त्र अपूर्ण हुन्छ । त्यसप्रकारको लोकतन्त्रले आम जीवनमा कुनै तात्विक प्रगति ल्याउन सक्दैन । किनकी समग्र नारी समुदायको उन्नयन नहुञ्जेल समाजको उन्नयन हुन सक्दैन । हामी महिलाहरूसंग जीवनका फरक अनुभवहरू छन् । हामीले भोगेका सामाजिक, आर्थिक, र सांस्कृतिक चुनौतीहरू पनि फरक छन् । नीति निर्माणमा हाम्रो दृष्टिकोण समावेश हुँदा मात्र सन्तुलित र न्यायपूर्ण निर्णय सम्भव हुन्छ ।

दोस्रो, नारी नेतृत्वले समाजमा समानताको सन्देश दिन्छ । जब महिलाहरू नेतृत्वमा आउँछन्, त्यसले केवल व्यक्तिगत उन्नति मात्र होइन, सम्पूर्ण समाजमा प्रेरणा र परिवर्तनको लहर सिर्जना गर्छ ।

तेस्रो, महिलाहरूले नेतृत्वमा आएपछि सहकार्य, संवाद र संवेदनशीलताको आधारमा निर्णय गर्ने प्रवृत्ति बढी देखिन्छ । यसले शासनलाई जनमुखी बनाउँछ । नारी नेतृत्व सामाजिक न्याय र समानताका दृष्टिले महत्वपूर्ण छ । महिलाहरु नेतृत्वमा हुँदा लैङ्गिक विभेद कम हुन्छ । बालिका शिक्षा, स्वास्थ्य, लैङ्गिक हिंसा नियन्त्रणजस्ता मुद्दाहरू प्राथमिकतामा पर्छन् । नारी नेतृत्वले दिगो विकासलाई टेवा पुऱ्याउँदछ । विभिन्न अध्ययनहरू र हाम्रा नतिजाले पनि देखाएका छन् कि महिलाहरू नेतृत्वमा हुँदा स्रोतहरूको उचित उपयोग, वातावरण संरक्षण र दीर्घकालीन योजना निर्माणमा बढी ध्यान दिइएको पाइन्छ ।

महिलाहरूले समाजका विभिन्न वर्गहरूको आवाज प्रतिनिधित्व गर्ने हुँदा समावेशी नीति निर्माणमा टेवा पुग्दछ । विशेष गरी दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायको आवाजले स्थान पाउँछ । त्यस्तै महिला नेतृत्वले पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार न्यूनीकरणमा सकारात्मक प्रभाव पार्ने प्रमाणहरू पाइएका छन्। सुशासन प्रवर्द्धन गर्ने सवालमा नारी नेतृत्व सबल रहेको तथ्यले उजागर गर्दछ । २०१५ सालदेखि २०८२ सालको आम निर्वाचनसम्म आइपुग्दा महिलाको सहभागिता सबै क्षेत्रमा वृद्धि भएको छ । कम्तीमा पनि सबै क्षेत्रमा ३३ प्रतिशत पुऱ्याउनैपर्ने बाध्यकारी व्यवस्थाले यसलाई मलजल गरेको छ । प्रशासन, विकास र राजनीतिक क्षेत्रमा महिलाको पहुँच उल्लेखनीय रुपमा वृद्धि आएको छ । सबै वर्ग, लिंग र क्षेत्रका मानिसको सहभागिताबिना देश विकास हुनै सक्दैन् । अझ त्यसमा पनि आधाभन्दा बढीको संख्यामा रहेका महिलालाई पाखा लगाएर त कुनै पनि कामले सकारात्मकनतिजा हासिल हुने परिकल्पनासमेत गर्न सकिन्न । समतामूलक समाज नै समन्यायिक विकासको आधार हो । विकास भनेको भौतिक संरचनाको निर्माण र आर्थिक वृद्धि दरमात्र होइन । बरु सबै वर्ग र लिंगको सशक्तीकरणले यसलाई अगाडि बढाउँछ । त्यसैले यतिबेला नेतृत्वमा महिला पुग्ने र त्योखालेे वातावरण निर्माणमा सबैले सघाउने परिपाटी बसाल्न आवश्यक छ । अन्त्यमा, म यही भन्न चाहन्छु– जब महिलाहरू अघि बढ्छन्, समाज अघि बढ्छ जब महिलाहरू सशक्त हुन्छन्, राष्ट्र सशक्त हुन्छ आउनुहोस्, हामी सबै मिलेर नारी नेतृत्वलाई सुदृढ बनाउने अभियानमा हातेमालो गरौं ।

(शनिबादेखि वीरेन्द्रनगरमा सुरु भएको कर्णाली उत्सव कुडा कर्णालीको सातौं संस्करणमा नारी नेतृत्व विषयक प्रवचनमा ढकालले प्रस्तुत गरेको विचारको सम्पादित अंश ।)

सम्पादकलाई चिठी

मितिः २०८२/१२/२७

सम्पादकज्यू,
काँक्रेविहार राष्ट्रिय दैनिक
वीरेन्द्रनगर, सुर्खेत

विषयः अत्यधिक महँगो भाडादरबारे ध्यानाकर्षण ।

महोदय,

म तपाईंको लोकप्रिय पत्रिकामार्फत सम्बन्धित निकायको ध्यान सुर्खेतदेखि लगामसम्म सञ्चालन हुने सवारी साधनको अत्यधिक महँगो भाडादरतर्फ आकर्षित गर्न चाहन्छु ।

सुर्खेतदेखि लगामसम्मको कुल दूरी जम्मा १०५ किलोमिटर रहेको छ, जस मध्ये ७९ किलोमिटर पक्की सडक र २६ किलोमिटर मात्र कच्ची सडक पर्दछ । यति छोटो दूरी र अधिकांश भाग राम्रो सडक हुँदाहुँदै पनि यात्रुहरूबाट लगामको रू.११४४ र धनरासको रू. १३३० उच्च भाडा असुलिनु अत्यन्तै अनुचित र अन्यायपूर्ण देखिन्छ ।

यसले सुर्खेत पश्चिमका नागरिकलाई ठूलो आर्थिक भार परेको छ । यस्तो अस्वाभाविक भाडादरले जनजीवन झन् कष्टकर बनाएको छ भने सम्बन्धित निकायको नियमनको अभाव पनि प्रस्ट देखिन्छ ।

अतः यस विषयमा सम्बन्धित निकायले छानबिन गरी वैज्ञानिक तथा न्यायसंगत भाडादर निर्धारण गर्न आवश्यक कदम चालोस् भनी तपाईंको पत्रिका मार्फत जोडदार अनुरोध गर्दछु ।

धन्यवाद !

भवदीय,
मनबहादुर बगाले मगर
चौकुने–१, सुर्खेत
कर्णाली प्रदेश

पोखरीभन्दा ठूला माछाहरूको आतंक



संसद्को पहिलो बैठक बसेपछि राजा महेन्द्रले थप कामकारवाहीबारे छलफल गर्न सभामुख कृष्णप्रसाद भट्टराईको खोजी गरे । तर उनी न आवासमा भेटिए, न अफिसमा । आफन्त, साथीभाइसँग बुझ्न सैनिक दौडाए । कसैले भेटेको खुट खबर ल्याएनन् । राजा महेन्द्रलाई सभामुख नभेटिएको व्यहोरा जानकारी गराएपछि उनले हाँस्दै भनेछन्- 'मैले सुनेअनुसार नरदेवीतिर बाँला मयजुको भट्टीमा भेटिन्छन् । त्यहाँ गएर तुरुन्त दरबार लिएर आउनू ।' नभन्दै भट्टराई राजाले दिएको ठेगानामै लोकल ठर्रा खाइरहेको अवस्थामा फेला परे ।

अलिअलि रमरम लागेका भट्टराईले राजासँग भनेछन्- 'सरकार, म त शाहवंशका राजाको पुरोहितको वंशज हुँ । तर रक्सीमा जुन आनन्द छ, त्यो कतै छैन । रक्सी लागेपछि मान्छे, मान्छेबीच विषमता, भेदभाव रहँदैन ।' भट्टराईको संवाद सुनेपछि राजा महेन्द्र खुलेर हाँसे ।

चुनाव प्रचारमा हिँड्दा जर्किनमा रक्सी बोकेर हिँडेको भेद खुलेपछि 'रक्सी खाने बाहुन' भनेर भट्टराई संसदीय चुनावमा नराम्ररी पछारिए । पार्टीले दुई तिहाई ल्याउँदा संस्थापक नेता 'पानी' भन्न नपाउने अवस्थामा पुग्लान भनेर त्यतिबेला कसैले सोचेकै थिएन । जनताबाट अनुमोदन नभएका भट्टराई सभामुख बनाइए । संसदीय राजनीति बनाउने खेलकुद त्यहींबाट आरम्भ भएको थियो ।

कालो चस्मा लगाउन रुचाउने राजा महेन्द्रको दृष्टि सफा थियो । हरेकलाई 'क्रसचेक' गर्थे । उनले राज्य सञ्चालनमा पारिवारिक दख्खल रुचाएनन् । छोरालाई एक्लो भेटेनन् । आफू सुत्ने खोपीको बारेमा आफ्नै परिवारका सदस्यलाई जानकारी दिएनन् । माटोको सुगन्ध सबैले पाउन भन्नाका लागि ताप्लेजुङ, पाँचथर, इलामका जनजातिलाई सुदूरपश्चिमको महेन्द्रनगरमा बसोबासको प्रबन्ध मिलाए । मगर, गुरुङ चितवन, बटौली झारे । त्यही नीतिअनुसार मुसलमान पहाडमा विस्तार भए ।

अनागरिक भएर रहेका नेपाली मूलका बर्मेलीलाई देश फर्काएर मातृभूमिसँगको साइनो मजबुत गराए । कला, संस्कृति र साहित्यको विकास गर्न सीमापारीका अम्बर गुरुङ, लैनसिंह बाडदेललाई नेपाल भित्र्याए । अमेरिका पढ्दै गरेको जेनजी ठिटो भेषबहादुर थापालाई जन्मभूमिको सेवाका लागि आमन्त्रण गरेर प्रज्ञा र चेतनालाई यथोचित ठाउँ दिए । धनुषा, सर्लाहीका चोरी डकैती पेशा गरेका नागरिकलाई आवासको सुविधा दिलाएर राज्य सबैको संरक्षक भन्ने अनुभूति दिलाए । सीमावर्ती क्षेत्रमा तारबारको सट्टा मान्छे बस्ती बसाएर राष्ट्रियताको आधार खडा गरे ।

सन् १९६७ अमेरिका भ्रमण गर्दा राष्ट्रपति लिन्डन बेन्स जोन्सनसँगको भेटमा सहयोग लिने तर असंलग्न परराष्ट्र नीतिको सिद्धान्तमा तलमाथि नगर्ने अडान लिए । नेतृत्वको नियत र हिँड्ने बाटो सही छ भने पदले व्यक्तित्व नभएर व्यक्तित्वले पदको गरिमा बढाउने हो । खोटो सोचवाला लबेदा सुरुवालधारीभन्दा नियत सफा भएका कट्टुधारी धेरै बेस हुन्छन् ।

'राष्ट्रपिता' भनेर इतिहासको दस्तावेजमा फुर्क्याइएका राजा त्रिभुवन छोराभन्दा विपरित थिए । रसरंग उनको जीवनकै पहिलो र अन्तिम ध्येय थियो ।

पाँच वर्षको उमेरमा राजा भएका उनले ४३ वर्ष राजकाज सम्हाले । रणबहादुर, सुरेन्द्रविक्रम, त्रिभुवनलाई इतिहासकारले 'लम्पट' राजाका रुपमा व्याख्या गरेका छन् । मदिरा र सुरासुन्दरीका प्रिय त्रिभुवनका दरबारमै आधा दर्जन अनौपचारिक पत्नी थिए ।

'राजा त्रिभुवनले मदिरा र मलाई समान प्रेम गरे । खोपीमा उपलब्ध सुरा र सुन्दरी अनि काठमाडौंका 'भूमिगत' अखडाले नअघाएर उनी कामबासनाको अतृप्त प्यास मेटाउन कलकत्तासम्म धाउँथे । नाइट क्लब धाउने, जथाभावी रक्सी पिउने उनको बानी थियो ।'

आइतबार 'ओपिडी' सञ्चालन गर्न सकिँदैन : चिकित्सक सङ्घ



काँक्रेविहार संवाददाता
काठमाडौं, २८ चैत

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार पनि बहिरङ्ग (ओपिडी) सेवा सञ्चालन गर्न निर्देशन दिएपछि नेपाल चिकित्सक सङ्घले गम्भीर ध्यानाकर्षण भएको बताउँदै सो निर्णयमा पुनर्विचार गर्न माग गरेको छ ।

सरकारले शनिबार र आइतबार दुई दिन बिदा गर्ने व्यवस्था लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अस्पतालहरूलाई आइतबार पनि बहिरङ्ग सेवा सञ्चालन गर्न आग्रह गरेको थियो । अस्पतालहरूले आफ्नो कार्यभार हेरी बहिरङ्ग सेवा सञ्चालन गर्न र सट्टा बिदा मिलाएर भए पनि सेवा प्रवाह गर्न मन्त्रालयले निर्देशन दिएको थियो ।

सो निर्देशन प्राप्त भएपछि सङ्घले एक विज्ञप्ति जारी गर्दै पर्याप्त जनशक्ति अभाव र बढ्दो कार्यभारका कारण उक्त निर्देशन कार्यान्वयन गर्न कठिनाइ हुने भएकाले आइतबार बहिरङ्ग सेवा सञ्चालन गर्न सम्भव नभएको जनाएको हो ।

चिकित्सक तथा स्वास्थ्यकर्मीले ९-५ बाहेक 'अनकल', 'राउन्ड' तथा आकस्मिकलगायत २४ सै घण्टा सेवा प्रदान गरिरहेको अवस्थामा उक्त समय गणना नहुनु अन्यायपूर्ण रहेको सङ्घले जनाएको छ । पर्याप्त जनशक्ति व्यवस्थापन नभएसम्म मन्त्रालयको उक्त निर्देशन कार्यान्वयन गर्न नसकिने सङ्घको ठहर छ ।

यसैबीच विभिन्न अस्पताल तथा प्रतिष्ठानले फरक फरक सूचना जारी गरेका छन् । त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतले आकस्मिक बाहेक आइतबार बहिरङ्ग सेवा पूर्ण रुपमा बन्द गर्ने निर्णय गरेका छन् ।

उता राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भरतपुर अस्पतालले भने आइतबार पनि सेवा सञ्चालन गर्ने जनाएका छन् ।

सङ्घले विभिन्न स्वास्थ्य संस्थामा फरक फरक दिन बिदा दिँदा अस्पतालहरूले दिने बिदामा एकरूपता नहुने र स्वास्थ्य सेवा लिने बिरामीहरू अन्योलमा पर्ने भएकाले स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुग्ने जनाएको छ ।

सङ्घले ज्यादै न्यून सेवा सुविधा दिई जबरजस्ती सेवामा खटाउने परिपाटी अन्त्य नभए चिकित्सक तथा स्वास्थ्यकर्मी सङ्घर्षमा उत्रिन बाध्य हुने भन्दै चेतावनी दिएको छ ।

'कर्णालीमा विकास होइन, राज्यले दिने न्यायको अभाव छ'



(शनिबादेखि वीरेन्द्रनगरमा सुरू भएको कर्णाली उत्सव कुडा कर्णालीको सातौं संस्करणमा मोक्ष कर्णाली विषयक सत्रमा दाहालले राखेको विद्वत् प्रवचनको सम्पादित अंश ।)

आज म यहाँ तपाईंहरूको अगाडि उभिएर बोलिरहँदा, मेरा हजुरबा, आमा र बुवाहरूले मलाई सुनाउनुभएको पुर्खाको कथा सम्झिरहेको छु, जो यही दैलेखको दुल्लुबाट सुरु हुन्छ । अहिले म मेरा कथामा आउने ती आदि पुर्खाहरूलाई सम्झिरहेको छु, जो यतैकतै रनबन चहार्थे । माथि बडिमालिका तिर खर्क भर्न जान्थे, पर-पर खप्तडका नागीहरूमा रमाउँथे । सायद उनीहरूले गरेका प्रार्थना अहिले पनि चन्दननाथ मन्दिरको आँगन हुँदै बडिमालिका तिर हावामा गुन्जिरहेको होला । सायद उनीहरूले गरेको भाकल र मागेको आशीर्वादले मेरो जीवनलाई अझै आशीर्वादमय बनाएको होला । म अहिले सिँजा उपत्यका सम्झिरहेको छु, जहाँ हामीले बोल्ने भाषाको जग बस्यो र फैलियो । जहाँ हाम्रो सभ्यता जन्मियो र हुर्किँदै गयो । जहाँ हाम्रा आस्थाका मन्दिरहरू बने । जहाँ सुख, दुःखका इतिहास र कथा लेखिए । यहाँबाट हाम्रा पुर्खाहरूले इतिहासको लामो यात्रा प्रारम्भ गरे र आफ्नो सभ्यतालाई काँधमा बोकेर अनवरत हिँडिरहे मलाई लाग्छ, रारातालको कञ्चन ऐनामा मेरा पुर्खाहरूले आफ्नो अनुहार हेरेका थिए होलान् र त्यही कञ्चन जलधारामा जीवनका अँध्यारा-उज्याला छायाहरू देखे होलान् । मलाई लाग्छ, मेरा पुर्खाहरूले इन्द्रेणीको रङ चोरेर माथि नागीहरूमा रङ भरे होलान् र त्यसको छायालाई शे फोक्सुण्डोमा हेरेर रमाए होलान् । अहिले म मेरो आफ्नै उपन्यास मोक्षभूमि सम्झिरहेको छु, जसको कथा सुरु हुन्छ, खस साम्राज्यको राजधानी सिँजाबाट । र कथा अगाडि बढ्छ, मोक्षभूमि निर्माणका लागि मान्छेले गरेको निरन्तर संघर्षको ।

मलाई लाग्छ, त्यो मोक्षभूमि यही हो । मलाई लाग्छ, कर्णाली थियो, दैलेख थियो, दुल्लु थियो, मेरा पुर्खाहरू थिए र म छु । यसैले मेरो जरा हो कर्णाली र मेरो इतिहासको कडी हो कर्णाली । तर अहिले म कर्णालीमा बस्दिन । म कर्णालीभन्दा निकै टाढा बस्छु त्यसैले म कर्णालीलाई मात्र अनुभूतिको रूपमा बयान गर्न सक्छु । यसर्थ नै आज म तपाईंहरूलाई कर्णालीको कुरा सुनाउन होइन, मात्र कर्णालीको अनुभूति सुनाउन उपस्थित छु । जो स्वयं कर्णालीमा बस्छ, उसलाई कर्णाली म कसरी सुनाउन सक्छु ? जो स्वयं कर्णालीमा बसेर यसको सुगन्ध बोध गर्छ, उसलाई यसको महिमा म कसरी सुनाऊँ ? त्यसैले आज म, कर्णालीको इतिहास सुनाउँदै छैन । न म कर्णालीका दुःख सुनाउँदै छु, न सुख । किनभने यहाँका दुःख त तपाईंहरूले स्वयं भोग्नुभएको छ ।

सुनाएका दुःखभन्दा भोगेका दुःख ठूला हुन्छन्, जो सबैलाई थाहा छ । हो, म तपाईंहरूका सुखका कथाहरू तपाईंहरूलाई नै सुनाइरहेको छैन, किनभने त्यो सुख, आत्मगौरव र अनुभूति त स्वयं तपाईंभित्र सन्निहित छन् । जो स्वयं तपाईंहरूभित्र छ, त्यो म कसरी सुनाऊँ ? जो सबै स्वयं कर्णालीलाई थाहा छ, त्यो मैले उसैलाई सुनाएर के हुन्छ ? अतः आज म कर्णालीभन्दा पर बसेर कर्णालीलाई मैले कसरी बुझेको छु, त्यो सुनाउँछु र सुनाउँछु कर्णालीमाथिका मेरा अनुभूतिहरू । जसलाई तपाईंहरूमाझ राख्न पाएकोमा म आज धन्य भएको छु । म मेरो अनुभूतीलाई तीनवटा कर्णालीसँग जोडेर एकाकार गर्न चाहन्छु । पहिलो, कर्णाली छ–मैले सुनेको कर्णाली । दोस्रो कर्णाली छ–मैले देखेको कर्णाली । र तेस्रो, कर्णाली छ–भविष्यको अथाह सम्भावना बोकेको कर्णाली । मैले सुनेको कर्णाली परित्यक्त कर्णाली हो । मैले सुनेको कर्णाली दुःखी कर्णाली हो । मैले सुनेको कर्णाली किनारमा बसेर एक्लै रोइरहेको, गरिब कर्णाली हो । मलाई कसले यो कुरा सुनायो थाहा छैन, र मैले कसरी कर्णालीको दुःखान्त सुने थाहा छैन । तर मैले सुनेको कर्णाली अपहेलित, तिरस्कृत र दुःखको कर्णाली हो । पछौटे, मैलो-धैलो कर्णाली हो । अन्धविश्वासको अँध्यारोमा फसेको कर्णाली हो । परिश्रम गर्न नसकेर भोकै बसेको कर्णाली हो ।

किन मान्छेहरूले कर्णालीलाई यसरी दुष्प्रचार गरे थाहा छैन । तर मैले यही सुनेँ कि कर्णाली पर छ र छ मैलो दलदलमा । जसलाई उठाउन जति कोसिस गरे पनि सकिँदैन । ऊ यही नियति सहन बाध्य छ । किनभने उसको लेखान्त नै यही हो । तर मैले देखेको कर्णाली सुनेभन्दा फरक रहेछ । यो त हाम्रो सभ्यताको जग रहेछ । यो केही वर्ष अगाडिको कुरा हो जब मैले कर्णालीलाई देखेँ, यो सुनेभन्दा बिल्कुलै फरक रहेछ । भव्य रहेछ । स्रोतले भरिपूर्ण रहेछ । अवसरले भरिएको रहेछ । जब मैले कर्णालीको पवित्र माटोमा पाइला राखेँ, यो बारे सोच्न थालेँ, यो त केवल हाम्रो आदि भूमि मात्र होइन, नेपाली सभ्यताको जग र जननी पो रहेछ । जसले हामीलाई भाषा दियो, मौलिक जीवन पद्धति दियो, विश्वासको अलौकिक संसार दियो, प्रकृतिको रमणीय सुन्दरता र खजाना दियो, नदी दियो, पर्वतमाला दियो । सिँजा उपत्यकामा जन्मिएको खस सभ्यता, त्यहींबाट उदाएको भाषा, त्यहींबाट सुरु भएको राज्य निर्माणको यात्रा–मलाई यो सबै सम्मोहनकारी लाग्यो । जब मैले कर्णाली देखेँ, मेरो लागि त्यो केवल इतिहास मात्र थिएन, थियो हाम्रो इतिहासको प्रारम्भ र हाम्रो अस्तित्वको आधार । त्यसपछि मलाई लाग्यो, यो हाम्रो सम्पदाको स्वर्ग हो यो हाम्रो स्वर्णभूमि हो । सुनको संसारमा बस्नेहरूलाई हाम्रो समाजले गरिब बनाइरहेको छ–यो कस्तो विपरीत कुरा ? यो कस्तो लाजमर्दो कुरा ? जोसँग स्वयंभित्र गौरव छ, त्यही गौरवहीन बन्नुपर्ने कस्तो दुःखद कुरा जब मैले कर्णाली देखेँ, मलाई लाग्यो, मैले हाम्रो जीवनधारासँग साक्षात्कार गरेँ । यसरी हेर्दा, कर्णाली केवल नेपालको एउटा दुर्गम क्षेत्र होइन, यो हाम्रो इतिहासको मुहान, हाम्रो पहिचानको आधार, र हाम्रो भविष्यको सम्भावना हो । अतः कर्णाली दुर्गम छैन, हामीभित्र छ । दुर्गम छ त हाम्रो सत्ता । मेरो मनमा प्रश्न आयो, कर्णाली जस्तो हुनुपर्थ्यो त्यस्तो हुन सकेन किन ? मैले कर्णालीलाई समाजशास्त्रीय दृष्टिकोण, मानवशास्त्रीय दृष्टिकोण, अर्थशास्त्रीय दृष्टिकोण, भाषाशास्त्रीय दृष्टिकोण र राजनीतिक दृष्टिकोणबाट नियालेँ । कर्णाली विविधताको भूमि हो–जातीय, सांस्कृतिक, भाषिक । तर यही विविधताभित्र वर्गीय विभेद, लैङ्गिक असमानता र गरिबीको गहिरो घाउ छ । र राज्यले त्यो घाउलाई पुर्न कुनै अतिरिक्त प्रयत्न गरेन । यस्तो अपहेलना हुन्छ कसरी ? राजनीतिक रूपमा हेर्दा, यो बीचमा अनेक परिवर्तन भए–तर कर्णालीको जीवनमा त्यो परिवर्तनको प्रभाव सधैं कमजोर रह्यो ।

यस्तो भयो कसरी ? के कारण हो कि राजनीतिक परिवर्तनहरूले कर्णालीलाई वास्तविक रूपमा स्पर्श गर्न सकेनन्, किन ? मनमा प्रश्न आयो, पछाडि पर्नै नहुने कर्णाली कसरी पछाडि पर्यो ? जहाँ अपार सम्पदा छ, जल छ, जंगल छ, प्रकृति छ, धर्म छ, त्यो कर्णाली गरिब हुन्छ कसरी ? त्यो किनारमा पर्छ कसरी ? परित्यक्त हुन्छ कसरी ? अविकसित हुन्छ कसरी ? अन्धविश्वासी हुन्छ कसरी ? सिँजा उपत्यकामा फस्टाएको खस सभ्यताले हामीलाई भाषा दियो, संस्कृति दियो, राज्य निर्माणको आधार दियो । तर कर्णालीको भाषा भाषिकामा संकुचित भयो कसरी ? कर्णालीको सभ्यता किनारमा पुग्यो कसरी ? जहाँका आमाहरूले जीवनको गीत गाए । तर बदलामा सिटामोल पाउन सकेनन् । यस्तो अन्याय हुन्छ कसरी ? जब मैले कर्णालीका मान्छेहरूसँग कुरा गरेँ । जब मैले कर्णालीलाई नजिकबाट हेर्दै गएँ, मलाई पक्का भयो, मैले सुनेको कर्णाली र मैले देखेको कर्णालीमा धेरै फरक छ । मैले सुनेको र मलाई सुनाइएको कर्णाली गरिबी, अपमान, अँध्यारो र अन्धविश्वासले थिलथिलो थियो । तर मैले देखेको कर्णाली ती संकटहरूबाट निस्किन प्रयत्न गरिरहेको देखिन्थ्यो । जो गरिब थिएन, गरिब बनाइएको थियो । जो, कमजोर थिएन, कमजोर बनाइएको थियो । जो दुर्गम थिएन, दुर्गम बनाइएको थियो । हाम्रो राजनीति धेरै अगाडि बढ्यो । यो बीचमा अनेक परिवर्तनहरू भए र कर्णाली स्वयं परिवर्तनको लडाइँमा संलग्न भयो । यसले पनि अरूले झैं राजतन्त्रबाट गणतन्त्र, केन्द्रबाट संघीयता सम्मको यात्रा गर्यो । तर सत्ता सधैं केन्द्रमा सीमित भयो र कर्णाली सधैं परिधिमा धकेलिँदै रह्यो ।

मलाई लाग्यो, कर्णाली पछाडि परेको होइन, कर्णालीलाई पछाडि पारिएको हो । कर्णाली किनारमा छैन, किनारमा पारिएको मात्र हो । कतिपय मान्छेलाई लाग्छ, कर्णालीमा विकास छैन । कर्णाली देखेपछि मलाई लाग्यो, यहाँ केवल विकासको अभाव होइन, राज्यले दिने न्यायको अभाव हो । कर्णालीमा विकास नभएको त हो नै, तर त्यो भन्दा धेरै न्याय नभएको हो । यहाँ विकास नभएको भन्नुको अर्थ साधारण निस्किन्छ । तर अन्याय भएको अनुभूतिले न्याय माग्छ । विद्रोह माग्छ । अधिकार माग्छ । दोस्रो कर्णाली देखेपछि मलाई लाग्यो, के काठमाडौं कर्णालीलाई हेर्ने दृष्टि बदल्न तयार छ ? के काठमाडौं यसलाई दया होइन, सम्मान र सम्भावनाको दृष्टिले हेर्न तयार छ ? के काठमाडौं कर्णालीलाई विकास र न्याय दिन तयार छ । किनभने, यदि कर्णाली उठ्छ भने, नेपाल उठ्छ । यदि कर्णाली बन्छ भने, हाम्रो भविष्य बन्छ । अन्यथा, कर्णालीलाई छाडेर, देश बनाउने कुरा गर्नु व्यर्थको कुरा हो ।

कर्णाली देखेपछि मेरो कुरा यही हो । अब म तेस्रो कर्णालीको कुरा गर्छु । भविष्यको कर्णालीको कुरा । अर्थात नयाँ पुस्ताको कर्णालीको कुरा । समृद्ध, न्यायपूर्ण र भरिपूर्ण कर्णालीको कुरा । एक मोक्षभूमिको कुरा । भर्खरै मात्र नेपालमा जेनजी आन्दोलन भयो । त्यो आन्दोलनको आज सबैभन्दा शक्तिशाली बिम्ब छ, एउटा रक्तरञ्जित जुत्ता । तपाईं हामी सबैलाई थाहा छ, त्यो जुत्ता हो भाइ प्रकाश बोहराको । जो स्वयं कर्णालीवासी हुन् । मलाई लाग्छ, त्यो जुत्ताले यो देशको नयाँ पुस्ताको इच्छा, अपेक्षा र सपनाको मात्र प्रतिनिधित्व गर्दैन, त्यो कर्णालीको पनि प्रतिनिधि बिम्ब हो र मैले देखेको तेस्रो कर्णाली त्यही हो । के भन्छ, त्यो बिम्बले ? अथवा के हो तेस्रो कर्णाली ? जुन बिम्बले भन्छ, कर्णालीलाई दया होइन, अधिकार चाहिएको छ । कर्णालीसँग परिवर्तनको एक अदम्य शक्ति छ– बाँच्ने, लड्ने र परिवर्तन गर्ने शक्ति । कर्णाली आफ्नो परिचय बदल्न चाहन्छ । कर्णाली अँध्यारो विगतबाट उज्यालो भविष्यतिर हिँड्न चाहन्छ । कर्णाली निराशाबाट आशातिरको यात्रा गर्न चाहन्छ । आजको कर्णालीलाई हीनताबोध, गरिबी र अपमानको पर्दा च्यातेर अगाडि बढ्न चाहन्छ ।

सम्भवतः त्यसका लागि यसले राज्यसँग क्षतिपूर्ति माग्नुपर्ला । स्वयं जागृत भएर आफ्नो परिवर्तनको खाका बनाउनु पर्ला । कृषि, पर्यटन, जडीबुटीको खजानालाई दुनियाका सामु लैजानु पर्ला । सभ्यताको नयाँ मानक बनाउनुपर्ला । आफैंभित्रका हीनताबोध र पुरातन पर्दाहरूलाई च्यात्नपर्ला । समानता, स्वाभिमान र लोकतन्त्रलाई आफ्नो सभ्यताको जगमा बसाउनु पर्ला । यो अब कर्णालीले गर्नेछ । यो अब नयाँ पुस्ताले गर्ने छ । मैले देखेको तेस्रो कर्णाली जो अपार सम्भावनालाई बोकेर पनि पछाडि बसेको छ, यसलाई अब काँधमा बोकेर अगाडि लैजाने जिम्मा नयाँ पुस्ताको हो । कर्णालीवासीको हो । अब कर्णालीलाई निराश हुन सुहाउँदैन । अब कर्णालीलाई हीनताबोधमा फस्न छुट छैन । यो बोल्ने र विश्वासका साथ अगाडि बढ्ने समय हो । यो आशावादी हुने समय हो । मलाई लाग्छ, कर्णालीले अब समृद्ध कर्णालीको सामूहिक सपना देख्नुपर्छ र त्यसका लागि सबै एकजुट भएर अगाडि बढ्नुपर्छ । कर्णालीले, समाज, संस्कृति, अर्थतन्त्र र राजनीतिका सबै आयामहरूमा परिवर्तनको नयाँ दृष्टान्त दिने समय आयो । समानता, सामूहिकता, संघर्ष र सम्भावनाको दृष्टान्त ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं । गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं । गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।

प्रतिनिधिसभाको प्रथम अधिवेशनद्वारा प्रक्रियागत काम पूरा

काँक्रेविहार संवाददाता
काठमाडौं, २८ चैत

प्रतिनिधिसभाको पहिलो अधिवेशनले प्रक्रियागत काम पूरा गरेर आगामी अधिवेशनका निम्ति मार्ग प्रशस्त गरेको छ।

अधिवेशनले प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रुवीकुमारी ठाकुर तथा राष्ट्रियसभाको उपाध्यक्षमा लीलाकुमारी भण्डारीलाई निर्वाचित गरेको छ।

दुवै सदनको अधिवेशनको अन्तिम बैठकमा संयुक्त र एकल समितिहरूमा सदस्यहरूको मनोनयन गरेको छ। समितिहरूको मनोनयन भएकाले अब ती समितिहरूले आफ्नो सभापति चयन गरी संसदीय गतिविधि अघि बढाइने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए। आउँदो वैशाख ४ गते प्रतिनिधिसभाका समितिहरूका सभापतिको निर्वाचन हुनेछ।

प्रतिनिधिसभाको नयाँ नियमावली मस्यौदा गर्न समिति गठन भएको छ। शुक्रबार मध्यरातदेखि अन्त्य भएका सङ्घीय संसद्का दुवै सदनका अधिवेशनबाट आगामी बजेट अधिवेशनमा प्रस्तुत हुने सरकारको आगामी नीति, कार्यक्रम, बजेट तथा विधेयक पेस गर्ने मार्ग प्रशस्त भएको छ।

प्रथम अधिवेशनमा छ दिनमा



छ पटक प्रतिनिधिसभाका बैठक भए। यी बैठकबाट जम्मा १० घण्टा ५० मिनेट संसदीय कार्य भएका थिए। राष्ट्रियसभाको बिसौं अधिवेशनमा पाँच वटा बैठकमा पाँच घण्टा ४५ मिनेट व्यतीत भएको थियो अधिवेशनको अन्तिम दिन शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरे।

सिंहदरबारस्थित नवनिर्मित संसद् भवनमा नवनिर्वाचित सांसदहरूले पद तथा गोपनीयताको शपथ लिएसँगै प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भए। यही चैत १३ गते उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषद् तथा त्यसपछि विस्तार भएको मन्त्रिपरिषद्सम्बन्धी सूचनाबारे बैठकलाई जानकारी गराइएको थियो। पहिलो अधिवेशनमा प्रधानमन्त्री शाहले संसद्का बैठकलाई सम्बोधन गरेनन्।

प्रतिनिधिसभाबाट निर्वाचन, मतदाता र नेपाल विशेष सेवाजस्ता विषयका तीन अध्यादेश स्वीकृत भए। संसद्को पहिलो अधिवेशनमा नयाँ कानुन तर्जुमा भएनन्।

संसद् सचिवालयमा दर्ता भई सदनमा पेस भएको 'वैकल्पिक विकास वित्त विधेयक, २०८२' सैद्धान्तिक छलफल भएपछि सम्बन्धित समितिमा पठाउन बाँकी छ। प्रतिनिधिसभा विघटन भई निर्वाचनको मिति घोषणापछि सभामा यसअघि विचाराधीन सबै विधेयक स्वतः निष्क्रिय भएकाले नयाँ सरकारले प्राथमिकतामा राखेका विधेयकलाई आवश्यक परिमार्जनसहित पुनः पेस गर्नुपर्ने छ।

'दुवै सदनमा अधिवेशन छोटो अवधिमा सौहार्द्र वातावरणमा सकिएको छ। सदनले नेतृत्व पाएको छ। समितिमा सदस्यहरू मनोनयन भएको छ। समितिहरूमा विधेयकका दफाबार छलफलका लागि तत्काल बिजनेस छैन तर विषयगत मन्त्रालयका काम र कानुनको कार्यान्वयनमा अनुगमन, मूल्यांकन र आवश्यक निर्देशनका काम हुन सक्छन्', प्रवक्ता गिरीले भने, 'यी काममा समितिका सभापतिहरूको चयनपछिका सम्बन्धित समितिका बैठकले आवश्यक निर्णय गर्नेछ।'

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा दुबै सदनबाट सदस्यहरूको मनोनयन भइसकेकाले अब ती समितिका कामले पनि गति पाउनेछन्।

कार्यकारिणीले सार्वजनिक महत्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्ति तथा पदाधिकारीको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रक्रिया संसदीय सुनुवाइ भएकाले यो समितिको महत्व अधिक छ।

'कर्णालीका सुइनामा' विकासको चिन्ता, मूलधारमा पुच्याउने सांसदहरूको प्रतिबद्धता

काँक्रेविहार संवाददाता
सुर्खेत, २८ चैत

कर्णाली प्रदेशलाई विकासको मूलधारमा ल्याउन मिलेर अघि बढ्ने सांसदहरूले सामूहिक प्रतिबद्धता जनाएका छन्।

शनिवारदेखि वीरेन्द्रनगरमा सुरु भएको कर्णाली उत्सवको सातौं संस्करणमा कर्णालीका सुइना सत्रका वक्ता प्रतिनिधिसभा सदस्यहरूले कर्णालीका मुद्दाहरू संघीय संसद्का माध्यमबाट आवाज उठाउने प्रतिबद्धता जनाएका हुन्।

उनीहरूले कर्णालीको समग्र विकासमा हुनुपर्ने जति नभएको तर केही नभएको भन्ने तथ्यमा साझा धारणाका साथ प्रस्तुत भए। कर्णालीलाई विकासको मूलधारमा लैजान सांसदहरू दलगत नभई साझा आवाजका साथ संघीय संसद्मा प्रस्तुत हुनुपर्नेमा एकमत भए। सुर्खेत-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद रमेशकुमार सापकोटाले निर्वाचन क्षेत्र केन्द्रित नभई समग्र कर्णालीको चित्र बदल्ने सपनाका साथ भूमिका निर्वाह गर्ने बताए।

'मैले निर्वाचनमा जाँदा केही बाचा गरेको थिएँ, ती वाचाहरू जनताको जीवनसँग जोडिएका थिए। वीरेन्द्रनगरबाट पश्चिम जाँदा निकै कमजोर रहेको पाइयो। पश्चिमलाई पनि वीरेन्द्रनगरसँग जोड्ने र वीरेन्द्रनगरसँग मेल खाने गरी विकास र योजनाहरूमा मेरो पहल हुनेछ,' उनले भने। समग्र कर्णाली प्रदेशको सन्दर्भमा उनले हाल अलपत्र परेका योजनालाई पूर्ण रूपमा कार्यान्वयन गराउन भूमिका खेल्न प्रतिबद्धता जनाए।

'हामीले देखेका कुरा र सपनाभन्दा अहिलेको सरकारले त्यहाँ भन्दा माथि सोचेर काम गर्ने सोचेको छ, प्रधानमन्त्री बालेन साहले कर्णालीमै आएर पनि भन्नु भएको छ। ती बाँच पुरा गर्न हामी सरकारलाई घचघच्याउँछौं। सबैको कुरा यही हो,' उनले भने। यस्तै, जाजरकोटबाट निर्वाचित नेपाली कांग्रेसका सांसद खड्कबहादुर बुढाले कर्णाली सम्भावनाको खानी भए पनि सुनको थालीमा भीख माग्न बाध्य भएको दृष्टान्त सुनाए।

'कर्णाली हाइड्रोको हब हो। नलसिंगाड, जगदुल्ला, फुकोट, अपरकर्णाली जस्ता हाइड्रो पावरहरू कर्णालीमा छन्, यी आयोजनालाई पूर्णता दिन पहल गर्नुपर्ने छ,' उनले भने। जडीबुटीको सम्भावनालाई उजागर गरेर त्यसको बजारीकरण र औद्योगिकीकरणमा पहल गर्नु आफ्नो पहिलो भूमिका हुने दाबी गरे। यसमा कर्णालीबाट प्रतिनिधित्व गर्ने सबै सांसदहरू सामूहिक भावनाबाट अघि बढ्नुपर्नेमा जोड दिए। प्रदेश राजधानी सुर्खेतबाट कर्णालीका अन्य जिल्लामा जाने बाटो, स्कुलका भवन हेर्दा केही परिवर्तन भए पनि जे हुनुपर्थ्यो, त्यो नभएको उनको भनाई थियो। कर्णाली विकासका दुई आधार भेरी कोरिडोर र कर्णाली कोरिडोरलाई पूर्णता दिन संसद्मा सशक्त आवाज उठाउने बुढाले प्रतिबद्धता जनाए।


दैलेखबाट निर्वाचित नेकपा एमालेका सांसद लक्ष्मीप्रसाद पोखरेलले कर्णालीको सभ्यता नेपालको सभ्यता हो पनि भन्ने र हामी विपन्न पनि छौं भन्ने अवस्था परिवर्तन गर्न संघीय संसद्मा भूमिका खेल्ने दाबी गरे। 'उतिबेला तिब्बतको खारी क्षेत्रबाट नुन, सुन हाडसिंजा आउँथ्यो र त्यहाँ हामी सबै क्षेत्रका मान्छे पुगेर ल्याउँथ्यौं। त्यसैले त्यसलाई हाडसिँजा भनिएको होला। कैलाश, ज्वाला र सिँजा सभ्यतालाई एउटै डालोमा राखेर विश्लेषण गर्दा कर्णाली सभ्यता र त्यसबाट नेपाली सभ्यता देखिन्छ। कर्णालीले यो मुलुकलाई भाषा दियो। त्यसैले कर्णाली इतिहासमा विराट छ। अब मेरो योजना पेट्रोलियम पदार्थको उत्खनन गर्ने छ, यस विषयमा म सरकारलाई घचघच्याउँछु,' सांसद पोखरेलले भने।

कर्णाली राजमार्ग लगायत अन्य रणनीतिक सडकका विषयमा विगतमा निरन्तर आवाज उठाएको दाबी गर्दै उनले पूर्वाधार विकासमा केही पनि नभएको भन्ने भाष्य गलत रहेको बताए। यद्यपि, जुन रूपमा कर्णालीले पूर्वाधार विकासमा लिनुपर्ने गति भने नलिएको बताए। यस्तै, सल्यानबाट निर्वाचित नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद रमेशकुमार मल्लले कर्णाली बदल्ने सपनाका साथ संसद्मा उभिएको दाबी गरे।

'हामीले हिजो व्यवस्था परिवर्तनका लागि थुप्रैले योगदान गरेका छौं। तर अहिलेको व्यवस्थामा भ्रष्टाचार बेथिति बढ्यो। अब त्यसलाई न्यूनीकरण गर्नुपर्ने अभिभारा हामी माझ छ। हामीले कर्णाली बदल्नका लागि सपना देखेका छौं, यहाँका जनताले त्यसैका लागि हामीलाई पठाएका छन्। यहाँको एक तिहाइ जनसंख्या गरिबीको रेखा मुनी छ, अन्य तथ्याङ्कमा पनि हामी पछि छौं। त्यसैले समग्र कर्णालीको परिवर्तनका लागि सबैजसो एजेन्डामा रहेर काम गर्नुपर्ने छ,' सांसद मल्लले भने।

श्रम संस्कृति पार्टीका सांसद राधिका रम्तेलले कर्णालीको स्वास्थ्य र शिक्षामा धेरै काम गर्न बाँकी रहेको बताइन। त्यसका लागि असल नीति आवश्यक पर्ने र नीति निर्माणमा आफूले निर्णायक भूमिका खेल्ने बताइन। उनले भनिन् 'समान स्वास्थ्य उपचार, समान शिक्षा आजको आवश्यकता हो। साथै, सामाजिक न्याय र रोजगारीको क्षेत्रमा पनि हामीले काम गर्नुपर्ने छ,' उनले भनिन्।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर–६, सुर्खेत, फोनः ०८३–५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)